# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, फाल्गुन १० गते २०३० साल [ अतिरिक्ताङ्क ७० (क)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधन सहित) को दफा २ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

१. बारा तथा रौतहट प्रत्येक जिल्लामा सम्बन्धित जिल्ला अदालतका जिल्ला न्यायाधीश-को एक सदस्यीय विशेष अदालत गठन गरिएको छ।

२. बारा तथा रौतहटको दंगासम्बन्धी मुद्दा हेर्न गठित विशेष अदालत खारेज हुँदा बारा तथा रौतहट जिल्ला अदालतहरूमा सरी किनारा गर्न बाँकी रहेका मुद्दाहरू सम्बन्धित जिल्ला अदालतहरुबाट झिकी कारवाई र किनारा गर्न तत् तत् विशेष अदालतलाई सुम्पिएको छ।

३. यी विशेष अदालतहरूले सम्बन्धित जिल्लाभित्र जहांसुकै पनि आफ्नो इजलास कायम गर्न सक्नेछन्।

आज्ञाले—
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।